तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :०७९/८०
चलानी नं.:

मिति : २०७९/०८/१२

श्री जो जस सँग सम्बन्ध राख्दछ ।

**विषय : लेखा परिक्षण आशयपत्र पेश गर्ने सम्बन्धि सूचना ।**

( प्रथम पटक प्रकाशित सूचना : मिति २०७९/०८/१२)

प्रस्तुत विषयमा यस तमानखोला गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.व. २०७८/०७९ सम्मको लेखा परिक्षण गर्ने प्रयोजनका लागि योग्य र इच्छुक नेपाल चार्टर्स एकाउन्टेन्टस् संस्थामा बैधानिक रुपले सूचिकृत लेखापरिक्षकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल बमोजिमका कागजात सहित यस गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा आशयपत्रको निवेदन पेश गर्ने सम्वन्धि सबैमा यो सूचना प्रकाशित गरिएको छ । साथै अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट समेत निवेदन पेश गर्न सकिने व्यहोरा जानाकारि गराइन्छ ।

तपशिल :

१. सम्वन्धित लेखा परिक्षकको आशयपत्रको निवेदन ।
२. पेशागत प्रमाणपत्रहरुको प्रतिलिपि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित ।
३. लेखा परिक्षण दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि नविकरण सहित ।
४. आ.व. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. प्रचलित कानुन बमोजिम कालो सूचिमा नपरेको तथा लेखा परिक्षणको कसुरमा कुनै कारबाही नभएको स्व. घोषणा ।
६. राजस्व शाखामा सुचिकृत दर्ता शुल्क बुझाएको नगदी रसिद ।
७. कुनै सरकारी कार्यालयमा कार्यरत भए सो संस्थाको सहमति पत्र ।

नोट :

-म्याद नाघी आएको तथा माथि उल्लेखित प्रावधानहरु पुरा नगरी आएका निवेदन स्वतः अमान्य हुनेछ ।
-नियुक्ति बुझ्न पालिकामा उपस्थित हुनैपर्नेछ ।
-लेखापरिक्षण सम्बन्धित विद्यालयमा उपस्थित भइ सम्पन्न गरि सो को प्रतिवेदन यस कार्यालयमा स्वयम लेखापरिक्षकले पेश गर्नुपर्नेछ ।

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकिय अधिकृत